"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा"

# सिरीजङ्घा राजपत्र

सिरीजङ्घा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड ५) ताप्लेजुङ, कोशी प्रदेश, नेपाल, फाल्गुण १५ गते २०८० साल (संख्या१०

## भाग २

सिरीजङ्घा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, कोशी प्रदेश, नेपाल।

सिरीजङ्घा गाँउपालिकाको गाँउ कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको निर्देशिका

सम्वत् २०८० सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. १०

# सिरीजङ्घा गाउँपालिकाको अनुदानमा पशु विमा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८०

**प्रमाणिकरण मिति २०८०।११।१४**

**प्रस्तावना** : सिरीजङ्घा गाउँपालिका क्षेत्र भित्र बसोवास गरी पशुपालनमा संलग्न रहेका कृषकहरुले पालेका पशुहरुको अचानक हुने मृत्यु तथा क्षतिबाट जोगाइ आर्थिक नोक्सानी न्युनीकरण गर्ने उधेश्यका साथ कृषि तथा पशु विमा गर्दा लाग्ने कुल विमाङक प्रिमियम १००% रकममा अधिकतम २०% रकम अनुदान यस गाउँपालिकाबाट कृषकहरुलाई विमा अनुदान उपलब्ध गराई पशुपालनमा डी, याक, चौरी, गाइ, भैंसी, बाख्रा, बंगुर, कुखुरा, माछा लगायत अन्यलाई विमा गरी उनीहरुको आर्थिक तथा सामाजिक हैसियत सबल तथा सक्षम बनाउन र कृषकलाई पशुपालन व्यवसायमा जोखिम वहन गर्न सक्षम वनाउन वाञ्छनीय भएकोले,

सिरीजङ्घा गाउँपालिका, गाउँकार्यपालिकाले स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (ण) को खण्ड (१२) मा उल्लिखित व्यवस्था कार्यान्वयन गर्न सिरीजङ्घा गाउँ कार्यपालिकाले यो निर्देशिका तर्जुमा गरी लागु गरेको छ।

## परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भ

क) संक्षिप्त नाम : यस निर्देशिकाको नाम अनुदानमा पशु विमा संचालन तथा व्यवस्थापन निर्देशिका, २०८० रहनेछ।

ख) यो निर्देशिका सिरीजङ्घा राजपत्रमा प्रकाशन भएपछि सिरीजङ्घा गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

२. परिभाषा

क) "अनुदानमा पशु विमा निर्देशिका, २०८०" भन्नाले सिरीजङ्घा गाउँपालिकाबाट कृषकलाई पशुधन विमा विमाङक प्रिमियम रकमको अधिकतम २०% रकमलाइ जनाउँदछ।

ख) "कार्यपालिका" भन्नाले सिरीजङ्घा गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

ग) "पशु विमा" भन्नाले सरकारी मान्यता प्राप्त विमा कम्पनी वा सरकारी संस्था मार्फत गरिने पशुधन सुरक्षा (लघु विमा) कार्यक्रम मार्फत गरिने विमा समेतलाइ जनाउनेछ ।

## परिच्छेद २

३. शर्त तथा भुक्तानी विधि

३.१ अनुदानमा पशु विमा सेवा संञ्चालन तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्यक्रम संञ्चालन तथा भुक्तानी विधिः

क) कुनै पनि कृषकको पशु (डी, याक, चौरी ,गाइ, गोरु, भैंसि, राँगा, बाख्रा, बोका, बंगुर, कुखुरा, माछा, आदि) मा विमा गराएको पशुको पहिचान खुल्ने पशु पहिचान पट्टा (Tag Number) सेवा प्राप्त कृषकको सम्पर्क नं, सेवा उपलब्ध गराएको मिति तथा आवश्यक विवरणहरु पुर्ण रुपमा उल्लेख गरि अनुसुची १ बमोजिम पेश गर्नु पर्नेछ।

ख) पशुपालक कृषक सिरीजङ्घा गाउँपालिका क्षेत्र भित्रको हुनुपर्नेछ ।

ग) पशु विमा गरिएका पशु भएमा यो सेवा लिन पुन नविकरण गरेको हुनु पर्नेछ ।

घ) सम्बन्धित सेवा केन्द्र तथा वडा कार्यालयको सिफारिसमा अनुदान वापतको रकम बिमा कम्पनी वा सहकारी संस्थालाई भुक्तानी दिइनेछ ।

ङ) विमा गर्दा लाग्ने विमाङक प्रिमियम रकमको अनुदान रकम सरकारी मान्यता प्राप्त विमा कम्पनी, सरकारी संस्था वा सुचिकृत विमा अभिकर्तालाइ उपलब्ध गराइने छ ।

च) पशु विमा मान्यता प्राप्त विमा कम्पनीबाट हुनु पर्नेछ । विमा अभिकर्ता तालिम लिइ यस कार्यालयमा विमा अभिकर्ता सुचिकृत भएको हुनु पर्नेछ । बिमा अभिकर्ताले उक्त कार्यमा सहजिकरण गर्न सक्नेछ । तर बिमा अभिकर्तालाइ कुनै किसिमको सुविधा उपलब्ध गराइने छैन ।

छ) विमित पशुको कुनै कारण वस मृत्यु भएमा सोको जानकारी सम्बन्धित सेवा केन्द्रमा विमा अभिकर्ताले अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ ।

ज) विमा अनुदान सेवा उपलब्ध बापतको रकम यस कार्यालयबाट उपलब्ध गराइनेछ।

झ) विमा अभिकर्ताले सेवा उपलब्ध गराए बापतको रकम भुक्तानी लिंदा एउटै पशुमा एक पटक भन्दा बढि सेवा पुर्याए बापतको भुक्तानी गाउँपालिकाबाट गरिने छैन । तर झुक्याइ भुक्तानी लिइएमा, नक्कली कागजात बनाई भुक्तानीका लागी पेश गरेमा सम्बन्धित पशु विमा अभिकर्ता, कम्पनी तथा सहकारी संस्था स्वयं जवाफदेही हुनेछ र निज अभिकर्ता भएमा निजले पुन कुनै पशुको विमा गरेमा भुक्तानी यस कार्यालयबाट उपलब्ध गराइने छैन साथै निजको सुचिकरण रद्ध गरि निजले पाउने भुक्तानी रोक्का राखी गाउँपालिकाको निर्णयअनुसार आवश्यक कार्वाही गरिनेछ ।

ञ) विमा अनुदानको विमाङक प्रिमियम रकम लिदा सहकारी संस्था तथा कम्पनीले बिमा गरेको १५ दिन भित्रमा यस कार्यालयमा आवश्यक कागजात सहित जानकारी गराउनु पर्नेछ ।

ट) विमा रकम दाबी गर्न आउदा विमित पशुको संकेत पट्टा (Tag Number) स्पस्ट देखिने फोटो सहित आउनु पर्नेछ ।

परिच्छेद ३

४. कार्यक्रमको खर्च

क) सिरीजङ्घा गाउँपालिका भित्रका पशुमा अनुदानमा बिमा सेवा संञ्चालन कार्यको लागि आवश्यक सुचना प्रवाह बजेट व्यवस्था सिरीजङ्घा गाउँपालिकाले गर्नेछ।

ख) कार्यक्रमको गाउँपालिकाको अधिकार प्राप्त अधिकारीबाट अनुगमन हुनेछ ।

ग) सिरीजङ्घा गाउँपालिका क्षेत्र भित्र रहेका कृषकका पशुहरू १ कृषकबाट अधिकतम तोकिएका १–२० पशुलाई विमा अनुदान दिन सकिनेछ । साथै, कार्यक्रममा कृषक छनौट गर्दा विपन्न वर्गलाई बढी ग्राहयता दिईनेछ।

घ) यस गाउँपालिकाको आर्थिक विकास समितिले लाभान्वित कृषकहरुलाई छनौट गर्नेछ भने आवश्यक राय, सुझाव तथा परामर्शका लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा आवश्यकता अनुसार निर्देशन समिति निर्माण गरिनेछ।

५.थपघट वा हेरफेर गर्न सक्ने

क) यो निर्देशिका कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार यस निर्देशिकामा केहि थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

ख) यो निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पस्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँकार्यपालिकाको कार्यालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

अनुसुची १

पशु धनिको निवेदन

मिति..

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु,

सिरीजङ्घा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

तेल्लोक,ताप्लेजुङ ।

विषय :पशु विमा कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

मलाइ सिरीजङ्घा गाउँपालिकाबाट अनुदानमा विमा सेवा संञ्चालन सम्बन्धि कार्यक्रममा सहभागी हुन पाउँ ।

तपशिल

१. नागरिकताको प्रतिलिपी ।

२. पशुको विवरण : पशु जात. संख्या उमेर

निवेदकको नाम :

दस्तखत :

ठेगाना :

मोवाइल नं

अनुसुची २

विमा अभिकर्ताको निवेदन

मिति..

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु

सिरीजङ्घा गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, तेल्लोक, ताप्लेजुङ्।

महोदय,

विषय : विमा अभिकर्ता सुचिकृत हुन पाउँ ।

मलाइ सिरीजङ्घा गाउँपालिकाबाट अनुदानमा विमा सेवा संञ्चालन सम्बन्धि अभिकर्ताको रुपमा कार्य गर्न इच्छा भएकोले तपशिल अनुसारको कागजात राखी यो निवेदन पेश गर्दछु ।

तपशिल

१. मान्यता प्राप्त विमा कम्पनीबाट विमा अभिकर्ता तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी ।

२. नागरिकताको प्रतिलिपी ।

निवेदकको नाम :

दस्तखत :

ठेगाना :

मोबाइल नं

अनुसुची ३

बिमा प्राविधिक/अभिकर्ता/सरकारी संस्था वा कम्पनीको नाम :

| क्र.स. | पशु धनीको नाम | मिति | ठेगाना | फोन नं | पशुको जात | पशुको संख्या | विमा संकेत नं | पशुको रङ्ग | कृषकको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

............ ............. .............

पेश गर्ने रुजु गर्ने प्रमाणित गर्ने

**आज्ञाले,**
**श्री मधुर नेपाली**
**प्रमुख प्रशासकीय अधिकृत**
**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।**